# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।६।७
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल भाद्र महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७२।५।९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | - | ब.ई., सि.न.पा. |
| श्री विवेक कुमार खनाल | - | ब.अ., सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | - | ब.अ., सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | - | शाखा अधिकृत, सि.न.पा. |
| श्री श्रीराम गुप्ता | - | शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन |

**निर्णय नं. १(एक)**

बोलपत्र मुल्यांकन समितिको मिति २०७२।४।६ र ७ को बैठकको निर्णय अनुसार नगर विकास कोष र नगरपालिकाको लागत सहभागितामा वार्ड नं. ५ मा रहेको हाटबजारमा व्यापारिक भवन निर्माण सम्बन्धि सबै भन्दा कम प्रस्ताव भएको टि एण्ड एस निर्माण सेवाको रु. ५०,१२,७६५।९९ को प्रस्ताव तथा सि.न.पा. वार्ड नं. ८ ध्रुव अधिकारीको घर जाने बाटोमा सडक तथा नाला निर्माण कार्य सम्बन्धि सबै भन्दा कम प्रस्ताव भएको टि एण्ड एस निर्माण सेवा को रु. ४७,९,०१०३।९० को प्रस्ताव सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ बमोजिम स्वीकृतिका लागी छनोट गर्ने निर्णय गरीयो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np